चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## मिति २०७९/१२/१० गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरू :**

१. यस अधिका नियमित कर्मचारी बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा।
२. राजस्व सङ्कलन तथा दाखिला सम्बन्धमा।
३. इ-हाजिरीअभिलेख व्यवस्थापन सम्बन्धमा।
४. आन्तरिक नियन्त्रण निर्देशिकाको पालना गर्ने सम्बन्धमा।
५. विश्व क्षयरोग दिवस मनाउने सम्बन्धमा।
६. योजना सम्झौता सम्बन्धमा।
७. विविध सम्बन्धमा।

**निर्णयहरू :**

**निर्णय नं. १** प्रस्ताव नं. १ को **"यस अधिका नियमित कर्मचारी बैठकका निर्णयहरूको समीक्षा सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा / उपशाखा / ईकाइ / फाँट / स्वास्थ्य संस्था / वडा कार्यालयहरूबाट हालसम्म सम्पादित कार्यहरू र यस अधिका स्टाफ मिटिङ्गका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। यसअघि सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका लाभग्राहीहरूको अन्तिम विवरण तयार गरी सम्झौता गर्न दावी विरोधको सूचना प्रकाशन गरी कायम भएका अन्तिम लाभग्राहीहरूको विवरण वडा समितिको निर्णय प्रतिलिपिसहितका कागजात यथाशीघ्र पेस गर्ने।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **"राजस्व सङ्कलन तथा दाखिला सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आन्तरिक राजस्व सङ्कलन गर्ने सम्बन्धित जिम्मेवार निकायले (राजस्व सङ्कलनमा प्रत्यक्ष भूमिका खेल्ने नगर बस सेवा, एम्बुलेन्स सेवा, जेसिबि सेवा, नगरप्रहरी, वडा कार्यालय, राजस्व उपशाखा लगायत अन्य) कडाइपूर्वक क्रियाशील भइ लक्ष्य बमोजिम राजस्व सङ्कलन गर्ने र सङ्कलन भएको राजस्व समयमै दाखिला गर्ने व्यवस्था मिलाउने। सङ्कलन भएको राजस्व समयमै बैंक दाखिला नगर्ने, दाखिला भएको राजस्वको विवरण तथा प्रतिवेदन समयमै तयार नगर्ने, Sutra System मा आम्दानी नबाँध्ने लगायतका कार्यहरूलाई गम्भीर रुपमा लिई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २८ को २ बमोजिम कारवाही हुने निर्णय गरियो।

२०७९/१२/१०
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ को **'इ-हाजिरीअभिलेख व्यवस्थापन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाले सञ्चालनमा ल्याएको इ-हाजिरीमा सम्पूर्ण कर्मचारी आवद्ध भइ उक्त इ-हाजिरीको अभिलेख (बिदा विवरण, काज र अन्य) प्रत्येक महिनाको २ गते यस नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने साथै उक्त पेस गरेको इ-हाजिरीको विवरणमा कर्मचारी गयल देखाएमा अब उप्रान्त त्यस्तो कर्मचारीको तलब कट्टी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव् नं. ४ को **'आन्तरिक नियन्त्रण निर्देशिकाको पालना गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको सार्वजनिक कोषबाट हुने खर्चलाई मितव्ययी, कार्यदक्षतापूर्ण, प्रभावकारी, नियमित र औचित्यपूर्ण बनाइ वित्तीय सुशासन कायम गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र समुचित प्रयोग गरी दुरूपयोग रोक्न एवम् नगरपालिकाभित्र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तुल्याइ सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो छरितो र पारदर्शी तुल्याउन जारी गरिएको निर्देशनको पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ को **'विश्व क्षयरोग दिवस मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत स्वास्थ्य तथा सामाजिक विकास शाखाको सहयोगमा तयार गरिएको जनचेतनामूलक क्रियाकलापबाट **"हामी क्षयरोग अन्त्य गर्छौं, Yes We can End TB"** भन्ने मुल नाराका साथ मिति २०७९/१२/१० (२४ मार्च २०३०) गते यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा क्षयरोगसँग सम्बन्धी अन्तरक्रिया गरी विश्व क्षयरोग दिवस मनाइयो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ को **'योजना सम्झौता सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका योजनाहरु सम्झौता भइ कार्यान्वयनको अवस्थामा रहेका योजनाहरूको नियमित अनुगमन गरी सोको प्रतिवेदन यस नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने । साथै हालसम्म पनि सम्झौता हुन नसकेका योजनाहरू तत्काल सम्झौता गर्न लगाउने व्यवस्था मिलाउने ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ को **'विविध सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० बमोजिम निर्धारण गरिएको आन्तरिक राजश्व सङ्कलन कार्यको लक्ष्य पूरा गर्न तोकिएको मापदण्डको आधारमा **अनुसूची-१** अनुसार फागुन महिनामा सबैभन्दा बढी प्रतिशत राजश्व सङ्कलन गर्ने दुई जना वडा सचिवहरू वडा नम्बर ६ का वडा सचिव राजेन्द्रकुमार मल्ल र वडा नम्बर ५ का वडा सचिव बलबहादुर के.सी.लाई पुरस्कृत गरियो ।

२०७९/१२/१०
...प्रसाद ढकाल
...िय अधिकृत

गौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७२

**निर्णय नं. ८ :** प्रस्ताव नं. ७ को **'विविध सम्बन्धी प्रस्ताव'** मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९ माघ २० गतेको पत्रानुसार चालु आर्थिक वर्षमा राजश्व सङ्कलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्त्वको व्यवस्थापन गर्न समेत समस्या भएकोले सरकारी खर्चमा मितव्ययीता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न यस नगरपालिकाकाबाट विनियोजन भएका चालु प्रकृतिका कार्यक्रमहरू इन्धन, सवारी मर्मत, भ्रमण, भत्ता लगायतलाई नियन्त्रण गर्ने निर्णय गरियो ।

**अन्तमा, बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

२०८१/१२/१०
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची-१

## चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को पुस, माघ र फागुन महिनाको आन्तरिक राजश्व प्रगति

२०७९ चैत्र १० गतेको बैठकमा पेस

| .सं. | वडा नं. | वार्षिक लक्ष्य | मंसिर महिना सम्मको आम्दानी | मंसिर सम्मको लक्ष्य हासिल प्रतिशतमा | लक्ष्यमा पुग्न बाँकी रकम | पुस /माघ/ फागुनको आम्दानी | फागुन महिना सम्मको आम्दानी | तीन महिनाको लक्ष्य प्रगति | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | 264825.63 | 96333.00 | 36.38 | 168492.63 | 195902.00 | 292235.00 | 116.27 | 110.35 | |
| २ | ५ | 334726.25 | 151367.00 | 45.22 | 183359.25 | 207351.00 | 358718.00 | 113.08 | 107.17 | |
| ३ | ११ | 388261.88 | 121817.00 | 31.37 | 266444.88 | 232458.00 | 354275.00 | 87.24 | 91.25 | |
| ४ | १३ | 290612.50 | 68717.00 | 23.65 | 221895.50 | 185230.00 | 253947.00 | 83.48 | 87.38 | |
| ५ | १० | 324931.88 | 111966.00 | 34.46 | 212965.88 | 144575.00 | 256541.00 | 67.89 | 78.95 | |
| ६ | १४ | 544877.50 | 54403.00 | 9.98 | 490474.50 | 295552.00 | 349955.00 | 60.26 | 64.23 | |
| ७ | ४ | 475838.13 | 92184.00 | 19.37 | 383654.13 | 212541.00 | 304725.00 | 55.40 | 64.04 | |
| ८ | ३ | 829130.00 | 269091.00 | 32.45 | 560039.00 | 272737.00 | 541828.00 | 48.70 | 65.35 | |
| ९ | नगरपालिका कार्यालय | 16184680.00 | 5064706.00 | 31.29 | 11119974.00 | 5145370.00 | 10210076.00 | 46.27 | 63.08 | |
| ० | ७ | 388795.63 | 130954.00 | 33.68 | 257841.63 | 106495.00 | 237449.00 | 41.30 | 61.07 | |
| १ | १ | 1402693.13 | 645207.00 | 46.00 | 757486.13 | 311004.00 | 956211.00 | 41.06 | 68.17 | |
| २ | ९ | 937553.75 | 475315.00 | 50.70 | 462238.75 | 154978.00 | 630293.00 | 33.53 | 67.23 | |
| ३ | १२ | 330935.00 | 55242.00 | 16.69 | 275693.00 | 88862.00 | 144104.00 | 32.23 | 43.54 | |
| ४ | २ | 1017091.88 | 260537.00 | 25.62 | 756554.88 | 208025.00 | 468562.00 | 27.50 | 46.07 | |
| ५ | ८ | 884148.75 | 498665.00 | 56.40 | 385483.75 | 61730.00 | 560395.00 | 16.01 | 63.38 | |
| | **जम्मा** | **24599101.87** | **8096504.00** | | | **7822810.00** | **15919314.00** | | **64.72** | |

२०७९/१२/१०

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत